अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०१।०९ गते।

प्रेस विज्ञप्ति

विषयः आरोपपत्र दायर गरिएको।

पचरौता नगरपालिका, बाराले सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पचरौता नगरपालिका, बाराका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्याम प्रसाद यादव र लेखापाल हासिम मियाँ अंसारीले** नगरपालिकाबाट आ.ब. २०७७/०७८ मा सञ्चालन भएका ठेक्काहरु क्रमशः ठेक्का नं. **02/2077/78** र ठेक्का नं. **03/2077/78** को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा K.S. MULTIPURPOSE Pvt.Ltd. का अध्यक्ष कमल कुमार उपाध्याय समेतको मिलेमतोमा पचरौता नगरपालिकाको ठेक्काको अभिलेखमा राख्ने प्रयोजनार्थ मात्र प्रभाव दैनिक पत्रिकामा एक प्रति मात्र बोलपत्र आह्वानको सूचना प्रकाशित गरी पचरौता नगरपालिकामा पेश गर्न लगाई सोही झुट्टा विवरण सहितको पत्रिकाको आधारमा रु.३,५२,५६०।- रकम K.S. MULTIPURPOSE Pvt. Ltd. लाई भुक्तानी दिएको पुष्टि भएको हुँदा प्रतिवादीहरु **श्याम प्रसाद यादव** र **हासिम मियाँ अंसारी**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर भएकोले बिगो रु.३,५२,५६०।- (तीन लाख बाउन्न हजार पाँच सय साठी मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ।

साथै K.S. MULTIPURPOSE Pvt. Ltd. तथा उक्त कम्पनीका अध्यक्ष कमल कुमार उपाध्यायले पचरौता नगरपालिकाबाट आ.व. ०७७/७८ मा सञ्चालन भएका ठेक्काहरुको बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन नगरी ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी एक प्रति मात्र प्रभाव दैनिकमा प्रकाशित गरी रु.३,५२,५६०।- (तीन लाख बाउन्न हजार पाँच सय साठी) भुक्तानी लिएको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम प्रतिवादीहरु **K.S. MULTIPURPOSE Pvt. Ltd.** तथा उक्त कम्पनीका अध्यक्ष **कमल कुमार उपाध्याय**लाई मुख्य कसूरदार सरह सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल